बैठक सं.-

आज मिति २०८३।०२।११ गतेका दिन यस ब्याँस गाउँपालिका अध्यक्ष श्री मंगल सिह धामी ज्यूको अध्यक्षतामा बसेको ब्याँस गाउँकार्यपालिकाको बैठकमा तपसिल अनुसारको उपस्थितिमा देहाय बमोजिमको प्रस्तावहरु माथि छलफल गरी निर्णयहरु गरियो ।

उपस्थिति:

| | | |
|---|---|---|
| १. | श्री मंगल सिह धामी | अध्यक्ष |
| २. | श्री विनोद सिह कुँवर | उपाध्यक्ष |
| ३. | श्री अशोक सिह बोहरा | १ नं. वडा अध्यक्ष |
| ४. | श्री धिरन सिह बुढाथोकी | २ नं. वडा अध्यक्ष |
| ५. | श्री उपेन्द्र सिह धामी | ३ नं. वडा अध्यक्ष |
| ६. | श्री झुन सिह बिष्ट | ४ नं. वडा अध्यक्ष |
| ७. | श्री विर सिह धामी | ५ नं. वडा अध्यक्ष |
| ८. | श्री राजेन्द्र सिह कुँवर | ६ नं. वडा अध्यक्ष |
| ९. | श्री अस्पाल सिह बुढाथोकी | कार्यपालिका सदस्य |
| १०. | श्री आस्मती वि.सि. | कार्यपालिका सदस्य |
| ११. | श्री कलम राम भूल | कार्यपालिका सदस्य |
| १२. | श्री धाना देवी बम | कार्यपालिका सदस्य |
| १३. | श्री कलावती डडाल | कार्यपालिका सदस्य |
| १४. | श्री पुर्णिमा ऐतवाल | कार्यपालिका सदस्य |
| १५. | श्री कृष्णानन्द बडू | सदस्य सचिव |

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा आगामी आर्थिक वर्ष २०८३/०८४ को लागि प्रदेश विशेष अनुदान अन्तर्गत सुदुरपश्चिम प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८२ बमोजिम देहायका योजना / कार्यक्रमहरु परिमार्जन गरि प्रदेश नीति तथा योजना आयोगमा पठाउने निर्णय सर्वसम्मत पारित गरियो।

तपसिल

| क्र.सं | प्रमुख क्षेत्र | योजनाको नाम | प्राथमिकता क्रम | बजेट | नया/क्रमागत | अवधि | कै. |
|---|---|---|---|---|---|---|---|
| १. | आधारभूत स्वास्थ्य सेवाको गुणस्तर अभिबृद्धि | ब्याँस गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुको न्यूनतम स्वास्थ्य सेवा मापदण्ड पुरा गर्नका लागि आवश्यक उपकरण औजार फर्निचर तथा स्वास्थ्य समाग्रीहरु व्यवस्थापन | १ | लागत अनुमान बमोजिम | नयाँ | १ वर्ष | |
| २. | शैक्षिक विकासको लागि सेवाको गुणस्तर अभिबृद्धि | ब्याँस गाउँपालिकामा रहेका ६ वटै मा.वि.हरुमा शौचालय तथा खा.पा. निर्माण | २ | | | | |
| ३. | आर्थिक सामाजिक वा अन्य कुनै प्रकारले विभेदमा परेका वर्ग वा समुदाय वा क्षेत्रको उत्थान तथा विकासका लागि सञ्चालन गरी उत्पादन र उत्पादकत्व वृद्धि एवं आयआर्जन तथा जीविको पार्जन सुधार | कृषि उपज तथा स्थानीय उत्पादनको संकलन तथा विक्रि केन्द्र स्थापना | ३ | | | | |

निर्णय नं. २

प्रस्तावना नं २ माथि छलफल गर्दा शिक्षा तथा मानव स्रोत विकास केन्द्रले गत वर्ष सार्वजनिक तथ्याङ्क, विद्यालयको इमिसमा उल्लेखित विद्यार्थी विवरण तथा आ. व. २०८१।०८२ को यस कार्यालयको महालेखा प्रतिवेदनले उल्लेख गरे बमोजिम विद्यालयहरुमा विद्यार्थी सङ्ख्या एकदमै न्युन भई कुनै कक्षाहरु खाली रहने अवस्था सृजना भएको हुँदा नेपाल सरकारको शिक्षक दरबन्दी मिलान कार्ययोजना बमोजिम तथा ब्याँस गाउँपालिकाको दरबन्दी मिलान कार्यदलको अध्ययन पश्चात ब्याँस गाउँपालिका विद्यालय एकीकरण,तह समायोजन, प्र.अ.व्यवस्थापन, शिक्षक सरुवा तथा दरबन्दी मिलान कार्यविधि, २०८० बमोजिम ब्याँस गाउँपालिका गाउँ शिक्षा समितिको मिति २०८३।०२।०७ गतेको तपसिल बमोजिमको निर्णय अनुमोदन गर्ने ।

तपसिलः

| क्र सं | वडा नं | समायोजित हुने विद्यालय | साबिकको तह र कक्षा | हाल कायम हुने कक्षा | कैफियत |
|---|---|---|---|---|---|
| १ | ४ | श्री हुस्कर आ वि डोकट | आधारभूत तह (कक्षा १-३) | बालविकास | श्री सम्पाल मा वि सुन्सेरामा समायोजन |
| २ | ४ | श्री ब्रह्मदह आ वि डोब | आधारभूत तह (कक्षा १-३) | बालविकास | श्री सम्पाल मा वि सुन्सेरामा समायोजन |
| ४ | ६ | श्री लटबाब आ वि जयपुर | आधारभूत तह (कक्षा १-३) | बालविकास | श्री हिमालय मा वि हुतीमा समायोजन |
| ५ | ६ | श्री मलिकार्जुन आ वि पन्तोली | आधारभूत तह (कक्षा १-३) | बालविकास | श्री हिमालय मा वि हुतीमा समायोजन |
| ६. | ४ | श्री पञ्चदेवा आ.वि. दम्फा | आधारभूत तह (कक्षा १-५) | आधारभूत तह (कक्षा १-३) | तह समायोजन |

**निर्णय नं. ३**

प्रस्तावना नं ३ माथि छलफल गर्दा ब्याँस गाउँपालिकामा रहेका सामुदायिक विद्यालयहरुको तह समायोजन, विद्यालय मर्ज पश्चात विषयगत शिक्षक दरबन्दी मिलान कार्यका लागि ब्याँस गाउँपालिकाको दरबन्दी मिलान कार्यदलको अध्ययन पश्चात ब्याँस गाउँपालिका विद्यालय एकीकरण,तह समायोजन, प्र.अ.व्यवस्थापन, शिक्षक सरुवा तथा दरबन्दी मिलान कार्यविधि, २०८० अनुसार ब्याँस गाउँपालिका गाउँशिक्षा समितिको मिति २०८३।०२।०७ गतेको तपसिल बमोजिम शिक्षक दरबन्दी मिलान कार्य अगाडि बढाउने निर्णय अनुमोदन गर्ने।

तपसिलः

| क्र स | शिक्षकको नाम | पद/ तह /श्रेणी | हाल कार्यरत विद्यालय | सरुवा पदस्थापन गरिएको विद्यालय | कैफियत |
|---|---|---|---|---|---|
| १ | राम सिंह बिष्ट | प्राथमिक तह द्वितीय | श्री ब्रह्मदह आ वि डोब | श्री सम्पाल मा वि सुन्सेरा | काज सरुवा |
| २ | मान सिंह धामी | प्राथमिक तह तृतीय राहत | श्री ब्रह्मदह आ वि डोब | श्री सम्पाल मा वि सुन्सेरा | काज सरुवा |
| ३ | शंकर दत्त भट्ट | प्राथमिक तह तृतीय | श्री हुस्कर आ वि डोकट | श्री सम्पाल मा वि सुन्सेरा | काज सरुवा |
| ४ | गणेश दत्त भट्ट | प्राथमिक तह तृतीय | श्री हुस्कर आ वि डोकट | श्री सम्पाल मा वि सुन्सेरा | काज सरुवा |
| ५ | रन्जीत दमाई | प्राथमिक तह द्वितीय | श्री मलिकार्जुन आ वि पन्तोली | श्री हिमालय मा वि हुती | |
| ६ | रामदत्त भट्ट | प्राथमिक तह द्वितीय | श्री मलिकार्जुन आ वि पन्तोली | श्री हिमालय मा वि हुती | |
| ७ | नरीराम टमटा | प्राथमिक तह तृतीय | श्री लटबाब आ वि जयपुर | श्री हिमालय मा वि हुती | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | जशुमति कुमारी बढू | प्राथमिक तह तृतीय | श्री लटबाब आ वि जयपुर | श्री हिमालय मा वि हुती | |
| ९ | नरेन्द्र सिंह बडाल | निम्न माध्यमिक तृतीय | श्री हिमालय मा वि हुती ब्याँस ६ | श्री ब्रह्मस्थान मा वि डोकट ब्याँस ४ | दरबन्दी थप |

साथै, ब्याँस गाउँपालिकामा ब्याँस गाउँपालिका वडा नं ४ मा रहेको श्री सम्पाल मा वि सुन्सेराको तत्कालिन समस्या समाधान गर्नका लागि तपसिल बमोजिमको दरबन्दी व्यवस्थापन गर्ने गाउँ शिक्षा समितिको निर्णय अनुमोदन गर्ने निर्णय पारित गरियो ।

तपसिलः

| क स | शिक्षकको नाम | पद/तह /श्रेणी | हाल कार्यरत विद्यालय | काज सरुवा गरिएको विद्यालय | कैफियत |
|---|---|---|---|---|---|
| १ | मनोज चौधरी | प्राथमिक तह तृतीय श्रेणी | श्री भूमिराज आ वि सल्याडी | श्री सम्पाल मा वि सुन्सेरा | काज सरुवा |
| २ | कलावती भट्ट | सहजकर्ता | श्री सिद्ध मा वि सिना | श्री भूमिराज आ वि सल्याडी | काज सरुवा |

निर्णय नं. ४

प्रस्तावना न ४ माथि छलफल गर्दा ब्याँस गाउँपालिका वडा नं ६ मा रहेको श्री हिमालय मा वि हुतीमा निम्न माध्यमिक तह तृतीय श्रेणीमा कार्यरत नेपाली विषयका शिक्षक नरेन्द्र सिंह बडालको श्री ब्रह्मस्थान मा वि डोकटमा दरबन्दी थपगरी सरुवा गरिएको हुँदा उक्त विषय अध्ययन अध्यापनका लागि सम्बन्धित विषयमा माथिल्लो योग्यता भएका शिक्षक सुमित्रा कुँवरलाई साबिककै तह र श्रेणीको नियमानुसारको त भ खाने गरी माथिल्लो तहमा अध्यापनको जिम्मेवारी दिने निर्णय पारित गरियो।

निर्णय नं. ५

प्रस्ताव नं ५ माथी छलफल गर्दा यस ब्याँस गाउँपालिकाको कार्यालयमा औषधि उपचार खर्च /आर्थिक सहयोग / विपदका लागि पेश भएका निवेदनहरु मध्ये तपसिल बमोजिमका स्थानीयहरुलाई देहाय बमोजिमको खर्च शिर्षकबाट रकम भुक्तानी दिने निर्णय गरियो ।

| क्र.सं | नाम थर | ठेगाना | राहत/रोग/विपदको किसिम | रकम | शिर्षक |
|---|---|---|---|---|---|
| १ | जयानन्द जोशी | ब्याँस ५ | आर्थिक अवस्था कम्जोर | २०,००० | |
| २ | ऐता देवी खाती | ब्याँस ५ | पेट सम्बन्धी | १८,००० | औषधीउपचार खर्च |
| ३ | भागरती लुहार | ब्याँस ६ | ४ वटा कुखुरा स्यालले मारेको | ५,००० | विपद व्यवस्थापन कोष |
| ४ | विर सिह कुवर | ब्याँस-५ | १६कुखुरा मरेको | १०,००० | |
| ५ | जानकी कुवर | ब्याँस-३ | घरमा आग लागी | १५००० | |
| ६ | विमला कुवर | ब्याँस-३ | घरमा आग लागी | १५००० | |
| ७ | चन्दरी दत्त भट्ट | ब्याँस-५ | हावाहुरीले घरको छानो उडाएको विद्युतमा क्षति | ५००० | |
| ८ | नरेन्द्र बहादुर बम | दुँहु | तिमुरपाटा-हुती-माल-मडगाउँ सडक निर्माणको क्रममा ५०० मिटर पाईप क्षति | क्षति भएको पाईप बराबरको रकम वा पाईप खरिद गरेर सम्बन्धितलाई उपलब्ध गराउने | |
| ९ | मिन बहादुर बम | ब्याँस-६ | हावाहुरीले घरको छाना भत्किएको | ५००० | |
| १० | जितेन्द्र सिह कुवर | ब्याँस-४ | हावाहुरीले पोली हाउसमा क्षति | ५००० | |
| ११ | मथुरा बुढाथोकी | ब्याँस-२ | जेष्ठ नागरीकको नागरिकता बनाउने प्रयोजनार्थ उपलब्ध गराएको भाडा | १०,००० | गाडीभाडा सम्झौता अनुसार विविध खर्च शिर्षकबाट |
| १२ | आशा तामाङ्ग | ब्याँस-२ | वि.पि.. कोलेस्ट्रोल | १५००० | आर्थिक सहयोग |

**निर्णय नं. ६**

प्रस्ताव नं ६ माथी छलफल गर्दा तिमुरपाटा-हुती-धौलाकोट-मडगाउँ-माल सडक निर्माणको क्रममा दुहुँ गाउँपालिका वडा नं. ३ खेतीमा क्षेति भएका शौचालयहरु निर्माण बाफतको रकम सम्बन्धित योजनाको कन्टेन्जेन्सी रकमबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं ७ माथी छलफल गर्दा भारतीय राजदुताबासबाट भारतमैत्री संघ ब्याँस गाउँपालिका सुन्सेरालाई प्राप्त भएको प्रदेश नं. ३-०१०२४-च-८१२३ को एम्बुलेन्स ब्याँस गाउँपालिकाले प्रयोग गर्दै आएको र उक्त एम्बुलेन्स नविकरण तथा दर्ता गर्दा भएको खर्च भुक्तानीका लागि ब्यास-१ निवासी बासुदेव सिंह ऐतवालले यस कार्यालयमा निवेदन पेश गरेकोले निजले एम्बुलेन्सको विल बुक लगायत अन्य कागजातहरु यस कार्यालयका बुझाए पश्चात उक्त रकम संलग्न विल भरपाईका आधारमा .............................. शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं. ८**

प्रस्तावना न ८ माथि छलफल गर्दा ब्याँस गाउँपालिका वडा नं १ तिंकरमा रहेको कित्ता नं. ६५७ को जग्गामा पर्यटन आवास गृह निर्माण गर्ने प्रयोजनार्थ आगामी आर्थिक वर्षमा बजेट विनियोजनका लागि सम्वन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो।

**निर्णय नं. ९**

प्रस्तावना न ९ माथि छलफल गर्दा ब्याँस गाउँपालिका अन्तर्गत उपभोक्ता समिति मार्फत कार्यान्वयन भई रहेका सम्पूर्ण आयोजनाहरुको कार्य सम्पन्न गर्ने अवधि मिति २०८३ असार ५ गते सम्म थप गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

**निर्णय नं. १०**

प्रस्तावना न १० माथि छलफल गर्दा ब्याँस गाउँपालिका वडा नं. ६ मा निर्माणाधिन १५ सैया अस्पतालको म्याद थपको लागि सम्बन्धित निर्माण व्यवसायीबाट यस कार्यालयमा निवेदन पेश भएकोले उक्त आयोजनाको कार्य सम्पन्न अवधि मिति २०८४ श्रावण मसान्तसम्म थप गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

**निर्णय नं. ११**

प्रस्तावना न ११ माथि छलफल गर्दा तिमुरपाटा-हुती-धौलाकोट-मडगाउँ-माल सडक निर्माण गर्ने क्रममा दुँहु गाउँपालिका वडा नं. ३ खेतीमा पुरै बस्ती नै उच्च जोखिममा रहेको र उक्त क्षेत्रमा वाल लगाउन सम्बन्धित निर्माण व्यवसायीलाई बारम्वार लिखित तथा मौखिक जानकारी गराउँदा समेत निर्माण व्यवसायीबाट उक्त कार्य प्रति कुनै तदारुकता नदेखाएको हुदाँ अन्तिम पटकको लागि निर्माण व्यवसायीलाई उक्त कार्य यथाशिघ्र सञ्चालन गर्न ५ दिनको ताकेतापत्र दिने र साथै उक्त समयावधी भित्र निर्माण व्यवसायीले काम सुचारु नगरेको खण्डमा खेती वाल निर्माणको कार्य गाउँपालिकाबाटै अगाडी बढाउने र गाउँपालिकाले गरेको उक्त काम बराबरको रकम कट्टी गरी सम्बन्धित निर्माण व्यवसायीलाई भुक्तानी दिने निर्णय सर्वसम्मत पारित गरियो।

**निर्णय नं. १२**

प्रस्तावना न १२ माथि छलफल गर्दा यस गाउँपालिकामा कार्यरत इन्जिनियर(सातौ) महेश्वरी धामी सरुवा भइ पाटन नगरपालिका बैतडी जानु भएकोले भौतिक पूर्वाधार शाखा प्रमुखको जिम्मेवारी प्राविधिक अधिकृत प्रेम सिह कोट्टारीलाई दिने निर्णय गरियो।

निर्णय नं. १३

प्रस्तावना न १३ माथि छलफल गर्दा गाउँपालिकाको आधिकारिक पहिचान, प्रचार-प्रसार तथा प्रशासनिक प्रयोजनका लागि गाउपालिकाको आफ्नै लागो आवश्यक भएकोले प्रचलित कानुन बमोजिम ब्याँस गाउपालिकाको लोगो निर्माण कार्य यथाशिघ्र अगाडी बढाउने ।

निर्णय नं. १४

प्रस्तावना न १४ माथि छलफल गर्दा चालु आर्थिक वर्ष २०८२/०८३ अन्तर्गत ब्याँस गाउँपालिकाको १९ औं गाउँसभा बैठकबाट विनियोजित जलवायु प्रविधिमैत्री नमुना गाउँसञ्चालन कृषि ज्ञानकेन्द्र संगको लागत साझेदारी कार्यक्रम ब्याँस गाउँपालिका अन्तर्गत रहेको टोल विकास संस्था मार्फत गराउने निर्णय गरियो ।

निर्णय नं. १५

प्रस्तावना न १५ माथि छलफल गर्दा आगामी आ.व. २०८३/०८४ को लागि ब्याँस गाउँपालिका अन्तर्गत कार्यान्वयन हुने तपसिल बमोजिमका आयोजनाहरुको बजेट व्यवस्थापनको लागि प्रदेश स्तरीय सम्वन्धित मन्त्रालयमा सिफरिस गर्ने निर्णय गरियो।

तपसिलः

१. ट्रसपुल निर्माण मलघट्टे ब्याँस-४
२. तिंकर सडक देखि भित्रापन्यारसम्म बाटो र ढल निकास ब्याँस-५
३. तिंकर सडक देखि सगरचौरासम्म पर्यटन पदमार्ग निर्माण ब्याँस-४
४. राप्ला १ नम्वर देखि अपि सितोलासम्म पदमार्ग निर्माण
५. धौलीगंगा र महाकालीको संगमदेखि दुर्गामाण्डौसम्म पर्यटन पदमार्ग निर्माण ब्याँस-५
६. पन्तोली देखि जयपुरसम्म कृषि सडक निर्माण व्याँस-६
७. बडुगाउँ ढल निकास ब्याँस-६
८. घोरेठा बजार देखि बसेडीसम्म ढल निकास ब्याँस-६
९. सुन्सेरा प्रहरी चौकी देखि पथ्थरकोटसम्म कृषि सडक निर्माण ब्याँस-४
१०. सामुदायिक स्वास्थ्य इकाइ भवन निर्माण ब्याँस-२
११. तल्ला दुम्लिङ्ग सामुदायिक भवन निर्माण ब्याँस-२
१२. रानिस्थान आ.वि. माल भवन निर्माण ब्याँस-२
१३. स्थानीय सडक स्तरोन्नती घोरेठा देखि बह्रमाडौ ब्याँस-६
१४. ब्याँस गाउँपालिका रैथाने वाली प्रवर्द्धन कार्यक्रम
१५. ब्याँस गाउँपालिका भेडाबाख्रा प्रवर्द्धन कार्यक्रम
१६. ब्याँस गाउँपालिका आलु पकेट कार्यक्रम
१७. एक वडा एक उत्पादन कार्यक्रम
१८. तुसरपानी बस्ती संरक्षण ब्याँस-३
१९. सिना सिंचाई निर्माण व्याँस-३
२०. बर्थिङ सेन्टर निर्माण ब्याँस-४ सुन्सेरा
२१. सिद्ध मा.वि. प्रा.वि.स्तर फिल्ड निर्माण ब्याँस-३
२२. सिना खा.पा. निर्माण व्याँस-३
२३. धारघरतली तटबन्ध ब्याँस-४

निर्णय नं. १६

प्रस्तावना नं. १६ माथि छलफल गर्दा ब्याँस गाउँपालिकामा कार्यरत ह.स.चा. विर सिह डडालको करार सम्झौताको म्याद मिति २०८२ माघ देखि लागु हुने गरी ६ महिना अवधिका लागि थप गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. १७

प्रस्तावना न. १७ माथि छलफल गर्दा ब्याँस गाउँपालिकाबाट आ.व. २०७४/०७५ देखि हालसम्म विभिन्न योजना तथा कार्यक्रम सञ्चालन गर्ने उपभोक्ता समिति तथा निर्माण व्यवसायीहरुले कार्यसम्पन्न भएको धेरै समयसम्म पनि धरौटी रकम फिर्ता नलगी बैङ्क खाता समेत बन्द नगरेको देखिएकोले प्रचलित आर्थिक ऐन, नियम तथा वित्तीय अनुशासन कायम गर्ने उद्देश्यले देहाय बमोजिम निर्णय गरियोः

१. आर्थिक वर्ष २०७४/०७५ देखि हालसम्मका उ.स. तथा निर्माण व्यवसायीहरुको धरौटी रकम सम्बन्धी विवरण संकलन गरी सार्वजनिक सूचना प्रकाशन गर्ने।

२. सम्बन्धित उ.स. तथा निर्माण व्यवसायीलाई सूचना प्रकाशित भएको मितिले १ महिनाभित्र आवश्यक कागजात सहित सम्पर्क गरी धरौटी रकम फिर्ता लैजान सार्वजनिक सूचना मार्फत अनुरोध गर्ने ।

३. तोकिएको अवधिभित्र सम्पर्क नगर्ने वा धरौटी रकम दावी नगर्ने तथा खाता बन्द नगर्ने उ.स. र निर्माण व्यवसायीहरुको धरौटी रकम प्रचलित कानुन बमोजिम गाउँपालिकाको धरौटी/राजश्व खातामा जम्मा गर्ने।

निर्णय नं. १८

प्रस्तावना नं. १८ माथि छलफल गर्दा ब्याँस गाउँपालिकाको आर्थिक सहयोग र समाज कल्याण समाजको प्राविधिक सहयोगमा संचालित झो.पु. क्षेत्रगत कार्यक्रम अन्तर्गत राङ्थल झो.पु. र घट्टे खोला झो.पु को सर्वे तथा डि.पि.आर. गरे वापत सम्झौतामा उल्लेख भए बमोजिम समाज कल्याण समाज लाई सम्बन्धित शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो।